नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं ६६

मितिः२०८३/५/३

ने.सं. ११४६

श्री स्थानीय तह सबै

विषयः आवेदन माग गरिएको सम्वन्धमा ।

प्रस्तुत विषयमा महिला बालबालिका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको प.सं.०८३/८४, च.नं२६, मिति २०८३/०५/०३ को पत्र मार्फत आगामी भाद्र २० गतेका दिन **मानव बेचबिखन तथा ओसारपसार विरुद्धको बीसौं राष्ट्रिय दिवस, २०८३** मनाउने सम्वन्धमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा उल्लेखनीय कार्य सम्पादन गरेका कुनै एक स्थानीय तहलाई सम्मान गर्ने निर्णय भएकोले उक्त क्षेत्रमा काम गरेका स्थानीय तहले भाद्र १० गते भित्र मन्त्रालयको इमेल ठेगाना nccht.nepal@gmail.com मा आवेदन दिन सबै स्थानीय तहलाई पत्राचारको लागि अनुरोध भई आएकोले पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी

शाखा अधिकृत

बोधार्थः

श्री महिला बालबालिका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सिंहदरवार काठमाडौं ।

श्री सूचना प्रविधि शाखाःसबै स्थानीय तहलाई इमेल मार्फत प्रेषित गरी वेवसाइटमा समेत अपलोड गरिदिनुहुन ।

नेपाल सरकार

महिला, बालबालिका, लैङ्गिक तथा सामाजिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं

(मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा)

फोन नं: ०१-४२००२१

०८३/८४

.मा.वे.नि./१६

मितिः २०८३/०५/०३

नेपाल संवतः ११४६

श्री भूमी व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरबार।

विषयः स्थानीय तहमा पत्राचार गरिदिने सम्बन्धमा ।

यस मन्त्रालयको आयोजनामा हरेक वर्ष (भदौ २० गते) मानव बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय दिवस मनाउँदै आइरहेको व्यहोरा जानकारीका लागि अनुरोध छ। यसै सन्दर्भमा आगामी भदौ २० गतेका दिन मानव बेचबिखन तथा ओसारपसार विरुद्धको बीसौं राष्ट्रिय दिवस, २०८३ मनाउने सम्बन्धमा यस मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८३।०४।२९ गते बसेको मूल समारोह समितिको बैठकबाट मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको क्षेत्रमा उल्लेखनीय कार्य सम्पादन गरेका कुनै एक स्थानीय तहलाई उक्त दिवसको अवसरमा सम्मान गर्ने निर्णय भएकोले स्थानीय तहहरुले मानव बेचबिखन नियन्त्रणको क्षेत्रमा सम्पादन गरेका कार्यहरुको देहायका विवरण सहित सम्मानका लागि यही भदौ १० गते भित्र यस मन्त्रालयको इमेल ठेगाना nccht.nepal@gmail.com मा आवेदन दिने व्यवस्था हुन सबै स्थानीय तहहरुलाई पत्राचार गरिदिनुहुन निर्णयानुसार अनुरोध छ ।

.....

(पुष्पादेवी राई)

शाखा अधिकृत

देहायः

- नीति तथा कार्यक्रम र बजेटमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको विषय,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समित (LCCHT) को गठन भएको मिति,
- गत आ.व. मा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति (LCCHT) को बैठक बसेको संख्या
- मानव बेचबिखन तथा ओसारपसार पीडित/प्रभावितहरुका लागि सञ्चलित पुनर्स्थापना केन्द्रसँग समन्व सहजीकरण र सहकार्य भएको विवरण,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला समिति (DCCHT) सँग समन्वय र सहकार्य भएको विवरण,
- विगत १० वर्ष यता उक्त सम्मान प्राप्त नगरेको।